आज मिति २०८३ साल जेठ महिना २७ गते बुधवारको दिन भिमाद नगरपालिका, तनहुँको आर्थिक वर्ष २०८२/०८३ को नगर कार्यपालिकाको चौधौं वैठकका नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| | श्री दधिराज सुवेदी | अध्यक्ष | प्रमुख |
| शारदा | श्री शारदा खनाल | सदस्य | उप-प्रमुख |
| | श्री दिपक आले | सदस्य | वडा अध्यक्ष १ |
| | श्री दिनेश कुमार थापा | सदस्य | वडा अध्यक्ष २ |
| | श्री पदमराज सेन ठकुरी | सदस्य | वडा अध्यक्ष ३ |
| | श्री बोम बहादुर थापा | सदस्य | का. वडा अध्यक्ष ४ |
| | श्री पदम बहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| | श्री श्याम सुन्दर जोशी | सदस्य | वडा अध्यक्ष ६ |
| | श्री प्रकाश श्रेष्ठ | सदस्य | वडा अध्यक्ष ७ |
| | श्री अण बहादुर शाही | सदस्य | वडा अध्यक्ष ८ |
| | श्री रन बहादुर थापा | सदस्य | वडा अध्यक्ष ९ |
| स्यानी | श्री स्यानी माया थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री उमा कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री इन्दिरा खडका थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री दमन्ती कुमारी शांही | सदस्य | कार्यपालिका सदस्य |
| | श्री ओम कुमारी थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री विर बहादुर वस्याल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री सन्दिप नगर्ची | सदस्य | कार्यपालिका सदस्य |
| | श्री संगिता विक | सदस्य | कार्यपालिका सदस्य |
| | श्री शोभाखर पोखरेल | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |
| | | आमन्त्रित उपस्थिति | |
| | श्री सन्दिप पौडेल | | उप-सचिव |
| | श्री टेकावती ढकाल | | शाखा अधिकृत |
| | श्री दिनेश कुमार तिम्मसिना | | लेखा अधिकृत |
| | श्री सुर्य प्रसाद पौडेल | | प्रशासकिय अधिकृत |

हरि पराजुली — इन्जिनियर

भीम बहादुर चि.ती. — प्रशासकीय अधिकृत

## आर्थिक वर्ष २०८२/०८३ को चौधौं नगर कार्यपालिका बैठकमा प्रस्तुत प्रस्ताव र निर्णयहरुः

मितिः (२०८३/०२/२७)

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा
३. आ.ब. २०८२/०८३ को न्यायिक समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा ।
४. आ.ब. २०८२/०८३ को योजना अनुगमन समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा।
५. आ.ब. २०८२/०८३ को विधायन समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा ।
६. आ.ब. २०८२/०८३ को लेखा समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा ।
७. महालेखा परीक्षकको कार्यालय, काठमाडौबाट प्राप्त भिंमाद नगरपालिकाको २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
८. आ. ब. २०८२/ ०८३ को सुशासन समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा ।
९. विविध

**निर्णय नं. १**

प्रस्ताव नं.१ माथि छलफल गर्दा मिति २०८३/०२/१३ गते बसेको नगर कार्यपालिकाको आ.व. २०८२।०८३ को तेहौं वैठकमा भएका निर्णयहरू समीक्षा गरिनुका साथै कार्यान्वयन हुन बाँकी निर्णयहरू यथाशीघ्र कार्यान्वयन गर्ने ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा नेपालको संविधान बमोजिम सङ्घीय शासन व्यवस्थालाई स्थानीय तहदेखि नै सुदृढ बनाई स्थानीय सरकारको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न तय गरिएको **"समृद्ध भिमादको आधारः आर्थिक, सामाजिक विकास र दिगो पूर्वाधार"** भन्ने सोच सहित भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम छलफल गरी नगर सभामा पेश गर्ने ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५३ मा न्यायिक समितिबाट मिलापत्र वा निर्णय भएका विवादसंग सम्बन्धित लिखत, मिलापत्र वा निर्णयको अभिलेख व्यवस्थित र सुरक्षित रुपमा राख्नुपर्ने व्यवस्था गरेको छ साथै न्यायिक समितिले आफूले गरेका कामहरुको वार्षिक प्रतिवेदन नगर प्रमुख मार्फत सभामा पेश गर्नु पर्ने प्रावधान रहेको हुँदा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ मा न्यायिक समितिवाट हालसम्म सम्पादन गरिएका कार्यहरुको वार्षिक प्रतिवेदन छलफल गरी नगरसभामा पेश गर्ने ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ को उपदफा ४ को खण्ड (ख) मा भएको व्यवस्था बमोजिम गरिने अनुगमन तथा सुपरिवेक्षण कार्यलाई व्यवस्थित र प्रभावकारी तुल्याउन अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन गर्ने अधिकार नगर उपप्रमुखलाई प्रदान गरेको साथै वार्षिक

प्रतिवेदन तयार गरी नगर प्रमुख मार्फत सभामा पेश गर्नु पर्ने प्रावधान रहेको हुँदा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ मा योजना अनुगमन तथा सुपरिवेक्षण गरी हालसम्म सम्पादन गरिएका कार्यहरुको वार्षिक प्रतिवेदन माथि छलफल गरी नगरसभामा पेश गर्ने ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा विधायन समितिले आ.ब. २०८२/०८३ मा तयार पारेका कानूनका मस्यौदाहरू, स्थानीय राजपत्रमा प्रकाशन भएका ऐन, नियम, कार्यविधिहरू तथा कार्यपालिकालाई कानून निर्माण गर्न विधायन समितिलाई प्रदान गरेको साथै समितिले वार्षिक प्रतिवेदन तयार गरी नगर प्रमुख मार्फत सभामा पेश गर्नु पर्ने प्रावधान रहेको हुँदा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ मा हालसम्म सम्पादन गरिएका कार्यहरुको वार्षिक प्रतिवेदन माथि छलफल गरी नगरसभामा पेश गर्ने ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को आर्थिक कारोबार, योजना तथा कार्यक्रमहरूको आन्तरिक एवं अन्तिम लेखापरीक्षण प्रतिवेदन, बेरुजु फछ्र्यौटको अवस्था र आर्थिक अनुशासन सम्बन्धमा लेखा समितिले वार्षिक प्रतिवेदन तयार गरी नगर प्रमुख मार्फत सभामा पेश गर्नु पर्ने प्रावधान बमोजिम लेखा समितिको वार्षिक प्रतिवेदन, २०८३ छलफल गरी नगरसभामा पेश गर्ने ।

निर्णय नं. ७

प्रस्ताव नं ७ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आं.ब. ०८१/०८२ महालेखा परीक्षकको कार्यालयबाट प्राप्त भएको २०८१/०८२ को अन्तिम लेखा परीक्षण प्रतिवेदनमा औलाएको वेरुजुको सम्बन्धमा लेखा समितिमा छलफल गरी नियमित गर्नुपर्ने वेरुजुको सम्बन्धमा लेखा समितिले गरेको सिफारिसलाई नगर सभामा पेश गर्ने ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा सार्वजनिक प्रशासनलाई जनमुखी, दक्ष, प्रभावकारी जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन,कानूनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका कार्यम गर्नका लागि सुशासन विकास समितिलाई प्रदान गरेको साथै समितिले वार्षिक प्रतिवेदन तयार गरी नगर प्रमुख मार्फत सभामा पेश गर्नु पर्ने प्रावधान रहेको हुँदा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ मा हालसम्म सम्पादन गरिएका कार्यहरुको वार्षिक प्रतिवेदन छलफल गरी नगरसभामा पेश गर्ने ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ मा स्वीकृत कार्यक्रम र नगरसभाको हिउँदे अधिवेशनवाट विनियोजित तथा रकम थप भएका तपसिल बमोजिमका योजनाहरुको म्याद थप गरि पाउँ भनी सम्वन्धित निर्माण व्यवसायीले निवेदन पेश गरेको साथै, प्राविधिक शाखावाट निर्माण कार्य सम्पन्न हुन नसक्ने भनी स्थलगत अनुगमन गरी म्याद थप गर्नुपर्ने भनी प्रतिवेदन समेत पेश हुन आएकोले निर्माण व्यवसायीको माग अनुसार तपसिल बमोजिमका योजनाहरुलाई तपसिलको मिति सम्म म्याद थप गर्न ।

प्रमाणित

तपसिल

| ठेक्का नं | योजनाको नाम | सम्झौता भएको निर्माण व्यवसायीको नाम | सम्झौता /सम्पन्न गर्नुपर्ने मिति | निवेदन पेश भएको मिति | म्याद थप गरिने मिति |
|---|---|---|---|---|---|
| 01/BM/SQ/Works/082/83 | गन्नपुर लुम्वास खानेपानी लिफ्टिङ योजना भिमाद-५ | Buddha shiva Construction and Suppliers pvt.ltd, | २०८३/१/२३<br>२०८३/२/३१ | २०८३/२/८ | २०८३/५/३० |
| 04/BM/SQ/Works/082/83 | सिद्धगुफा मोहरिया खण्ड स्तरोनन्ती योजना भिमाद-९ | Buddha shiva Construction and Suppliers pvt.ltd, | २०८३/१/१०<br>२०८३/२/३१ | २०८३/२/८ | २०८३/५/३० |
| 06/BM/SQ/Works/082/83 | ५ नं वडा कार्यालय संरक्षण तथा स्वास्थ्य केन्द्रभवन रेलिङ्ग मदन आश्रित रंगशाला निर्माण योजना | स्मार्ट भिजन कन्स्ट्रक्सन | २०८३/२/२१<br>२०८३/३/१५ | २०८३/२/२५ | २०८३/५/३० |
| | नगर यातायात गुरुयोजना अद्यावधिक कार्य | एविज इन्जिनियरिङ्ग | २०८२/१२/०४<br>२०८३/२/३ | २०८३/२/४ | २०८३/३/१५ |

## निर्णय नं. १०

प्रस्ताव नं. ९ माथि छलफल गर्दा भिमाद नगरपालिकाको वडा नं ६ मा १५ शैयाको आधारभुत अस्पताल
निर्माण ठेक्का नं ५NCB/WORKS/BM०७७-७८ को लागि राजेन्द्र/विवश/ ज्यावाडन्वा जे. भि. धापासिसँग
मिति २०७८/३/२५ गते रु .११,५२,०९,९६३.२७/- मा सम्झौता भई निर्माण कार्य भइरहेकोमा उक्त जे
.भि. ले जेन्जी आन्दोलन,बेमौसमी वर्षात,प्रतिनिधि सभा निर्वाचन,अत्याधिक् मुल्यवृद्धि र निर्माण सामग्रीको
अभावका कारणले गर्दा निर्माण कार्य सम्पन्न गर्न नसकेको भनी मिति २०८३/१/२८ गते उक्त निर्माण
कार्यको म्याद थपिदिनुहुन भनी अनुरोध भै आएकोमा उल्लेखित कारणहरुले गर्दा निर्माण कार्यमा ढिलाई भएको
औचित्यपूर्ण नै रहेको भनी प्राविधिक शाखाको रायसहित प्रतिवेदन पेश भएको साथै सार्वजनिक खरिद ऐन तथा
नियमावलीमा भएको प्रावधान बमोजिम २०८३/२/३० गतेसम्म उक्त अस्पताल निर्माण योजनाको म्याद थप
भएकोमा हाल निर्माण व्यवसायीले विविध कारणले निर्माण कार्य सम्पन्न गर्न नसक्ने देखिएकोले सार्वजनिक
खरिद ऐन तथा सार्वजनिक खरिद नियमावलीको प्रावधान बमोजिम कार्यसम्पादन जमानत, विमा र पेश्की
जमानत तथा संशोधित कार्यतालिका पेश भए पश्चात म्याद थप हुने गरी सार्वजनिक खरिद नियमावली २०६४
को संशोधनसहितको नियम १२०क को उपनियम (६) बमोजिम उक्त आधारभुत अस्पतालको निर्माण सम्पन्न
मिति २०८३ मंसिर मसान्त सम्म म्याद थप गर्ने।

निर्णय नं. ११

प्रस्ताव नं. ९ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आ. व. २०८२/०८३ मा संघीय सरकार तथा प्रदेश सरकारको अनुदान बाट प्राप्त भएका तपसिल बमोजिमका योजनाहरुमा नेपाल सरकारको स्पष्ट स्रोत सुनिनश्चितता सहितको म्याद थपको लागि निर्देशन प्राप्त भएमा सोही अनुसार हुने अन्यथा यस नगरपालिकाको सँग गरेको सम्झौता शर्त अनुसार आवश्यक प्रक्रिया अगाडी बढाउने ।

तपसिल

| क स | आयोजनाको नाम | आयोजना निर्माण स्थल वडा नं. | निर्माण व्यवसयाको नाम | अनुदान | निर्माण व्यवसयाको ठेगाना | सम्झौता मिति |
|---|---|---|---|---|---|---|
| १ | किहुँमार्ग कालोपत्रे योजना | १ र २ | हेजल / रुद्रमहादेव | संघीय सरकार समपुरक | शु.न.पा. | २०८२/९/१७ |
| २ | पिरुङ्गडाँडा दलित वस्ती एक घर एक धारा खानेपानी | ४ | सम्पूर्ण निर्माण सेवा, | संघीय सरकार विशेष | पो. म. न.पा.-१८ | २०८२/११/१० |
| ३ | बालमैत्री स्थानीय पूर्वाधार आयोजना शौचालय तथा खानेपानी योजना | | इको जोन आर्किटेक्ट | प्रदेश सरकार विषेश | पो. म. न.पा.-१० | २०८२/१२/१० |

निर्णय नं. १२

प्रस्ताव नं. ९ माथि छलफल गर्दा भिमाद नगरपालिका वडा नं ३ मा रहेको विमिराबोट ग्रामीण खानेपानीको मोटर विग्रेको हुँदा मर्मतको लागि वडा कार्यालयहको सिफारिस पत्र सहित निवेदन पेश गर्नु भएको साथै वडा नं. ४ मा रहेको पिरुङ्ग खोला कैडले बाँधबाट पानी व्यवस्थापन गर्न नसकिने हुँदा विद्युतीय पानी तान्ने मोटर मर्मत गर्नको लागि वडा कार्यालयको सिफारिस पत्र सहित निवेदन पेश भएको हुँदा भिमाद नगरपालिकाको वार्षिक नगर विकास योजना आर्थिक वर्ष २०८२/०८३ सि.नं. १०० अन्य खानेपानी योजनाहरु पाइप (खरिद तथा वितरण समेत) शिर्षकबाट उक्त खानेपानीको मोटर मर्मतको लागि क्रमश रु २९,५०० (अक्षरेपी उन्नतिस हजार पाँच सय मात्र) र बाँधको सट्टा मोटर खरिदको लागि रु २५,००० (अक्षरेपी पच्चिस हजार मात्र) विनियोजन गरी भुक्तानी दिने ।

निर्णय नं. १३

प्रस्ताव नं. ९ माथि छलफल गर्दा विविध कार्यक्रम सञ्चालन गर्नको लागि अनुमति माग सँगै आर्थिक सहयोगको लागि आर्थिक प्रस्ताव पेश गरेको हुँदा उक्त कार्यक्रमहरुलाई भिमाद नगरपालिकाको वार्षिक नगर विकास योजना आर्थिक वर्ष २०८२/०८३ तपसिल बमोजिमको कार्यक्रम"शिर्षकबाट भुक्तानी हुने गरि उक्त कार्यक्रमहरु सञ्चालन गर्न दिने ।

तपसिल

| क.स. | कार्यक्रम | ठेगाना | भुक्तानी हुने रकम रु | भुक्तानी हुने शिर्षक |
|---|---|---|---|---|
| १ | अवधुत धुनी शिवालय रोट पोल्ने कार्यक्रम | भिमाद ८ | २५,०००।- | भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को |

| | | | | |
|---|---|---|---|---|
| २ | सन्ध्या महाआरती कार्यक्रम शिव पञ्चायन मन्दिर संरक्षण समिति | भिमाद ६ | २५,०००।- | स्वीकृत नगर विकासको शिर्षक विविध कार्यक्रम सि. नं. ६३ |
| ३ | मातृशिशु कल्याण आमा समहु पुर्नताजगी तालिम | भिमाद | २५,०००।- | |

**निर्णय नं. १४**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा तपसिलमा उल्लेखित विषयहरुको सम्वन्धमा व्यवस्थापन गर्न कार्यविधि आवश्यक भएकाले सो सम्बन्धमा कार्यविधि निर्माण गर्न विधेयक समितिलाई सैन्द्धान्तिक सहमती दिने निर्णय गरियो ।

क) विज्ञापन व्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

ख) विधायन समिति गठन तथा सञ्चालन कार्यविधि

ग) नगरपालिका सुशासन समिति गठन र सञ्चालन कार्यविधि निर्माण

**निर्णय नं. १५**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा भिमाद नगरपालिका वडा नं. ३ मा कार्यालय रहेको तनहुँ प्रकृति कन्स्ट्रक्सन प्रा.लि.का प्रोपाइटर प्रविण थापाले यस नगरपालिकाबाट 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र उपलब्ध गराई पाऊँ भनी दिएको निवेदनका सम्बन्धमा, "भिमाद नगरपालिका 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५" को दफा ४ को उपदफा (२) बमोजिम गठित छानविन समितिले उक्त प्रालिको प्राविधिक, आर्थिक एवं कानुनी योग्यता तथा कागजातहरूको विस्तृत अध्ययन र जाँचबुझ गर्दा कार्यविधिमा तोकिएका सम्पूर्ण मापदण्डहरू पूरा भएको ठहर गरी सिफारिस पेश गरेको हुँदा; छानविन समितिको उक्त सिफारिस बमोजिम "भिमाद नगरपालिका 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५" को दफा ४ को उपदफा (४) सँग सम्बन्धित अनुसूची-३ को निर्धारित ढाँचामा तनहुँ प्रकृति कन्स्ट्रक्सन प्रा.लि.लाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र उपलब्ध गराउन सम्बन्धित शाखालाई अनुमति प्रदान गर्ने ।

**निर्णय नं. १६**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा भिमाद नगरपालिकाको वडा नं ७ स्थित भिम मसरडाँडा स्तरोन्नती गर्ने क्रममा निस्केका ढुङ्गा तथा ग्राभेललाई वर्षा पानीले बगाई सिम्ले कुलो पुरिएकोले सम्वन्धित उपभोक्ताले रकम विनियोजन गरि पाउँ भनी निवेदन पेश भएकोमा सिम्ले कुलो मर्मत कार्यका लागि विपद व्यस्थापन समितिवाट अनुमोदन हुने गरी लागत अनुमान बमोजिमको जम्मा रकम रु २१,०००/- वार्षिक नगर विकास योजनाको सि. नं.६२ शिर्षकवाट विनियोजन गरी भुक्तानी दिने ।